# मदन पुरस्कारद्वारा सम्मानित
# श्री कृष्ण धरावासीको उद्‌गार

**श्रीमान् अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, मञ्चमा आसीन विशिष्ट महानुभावहरू तथा यस समारोहमा उपस्थित सम्पूर्ण विद्वद्‌समुदाय,**

आज एउटा यस्तो महत्त्वपूर्ण समारोहमा उपस्थित भएका छौँ, जुन समारोहमा विगत ५१ वर्षदेखिको आफ्नो यात्रालाई पूरा गर्दै मदन पुरस्कार गुठी यहाँ उभिन आएको छ। नेपाली साहित्यिक पुरस्कारको प्रथम ऐतिहासिक अर्थ बोक्ने यस गुठीले नेपाली साहित्यका विभिन्न विधाहरूमा रचित कृतिग्रन्थहरूमध्ये कुनै एकलाई विशिष्टीकृत गर्दै सम्मान गर्ने गर्दछ। मदन पुरस्कार गुठीको यो आधा शताब्दी लामो ऐतिहासिक यात्राले नेपाली साहित्यका क्षेत्रमा एक मानक स्तम्भको काम गरेको छ। लेखक तथा कृति दुवैलाई मर्यादित बनाउन गुठीले प्रत्येक वर्ष गर्ने गरेको छनौटप्रक्रिया अत्यन्त गोप्य तथा निष्पक्ष रहने गरेको अनुभव गरेको छु।

नेपाली साहित्यमा आएका विभिन्न प्रयोग र आन्दोलनले पनि यस पुरस्कारको संसारमा प्रवेश पाएछ। २०२८ सालमा ईश्वर वल्लभको *आगोका फूलहरू हुन्, आगोका फूलहरू होइनन्* कृतिले मदन पुरस्कार पाउँदा २०२० सालदेखि सुरु भएको तेस्रो आयाम आन्दोलनले मान्यता प्राप्त गरेको अर्थ लागेको थियो। त्यस्तै २०२२ सालमा पारिजातले शिरीषको फूल उपन्यासमा यो पुरस्कार प्राप्त गर्दा अस्तित्ववाद तथा शून्यवादी धाराले मान्यता पाएको चर्चा गरिएको थियो। अर्थात् मदन पुरस्कारको घोषणा हुँदा कुनै एउटा कृति मात्र पुरस्कृत भइरहेको हुँदैन, त्यससँग जोडिएको विचार, दृष्टिकोण, प्रयोगहरू पनि सम्मानित भइरहेको हुन्छ। यो पुरस्कार नेपाली साहित्यका क्षेत्रमा एउटा यस्तो

माइलस्टोन हो, जहाँ आइपुगेपछि लेखकहरू कुनै खास उद्देश्य, लक्ष्य, धारा र दृष्टिकोणका साथ सार्वजनिक भइरहेका हुन्छन् ।

यसपालिको सन्दर्भमा राधा उपन्यास आएको छ। मोफसलमा, गाउँमा बसेर निरन्तर काम गरिरहँदा पनि विशिष्ट गुणवत्ताको आधारमा वस्तुको मूल्याङ्कन हुन सक्दो रहेछ भन्ने लाग्यो। मलाई लागेको छ- बारम्बार उठिरहने एउटा विवाद, मोफसल र काठमाडौँबीच खाडल खनिरहेको हुन्छ। काठमाडौँले मोफसललाई जहिले पनि ठगेको/हेपेको हुन्छ भन्ने मान्यतालाई यस निर्णयले भत्काइदिएको बोध हुन पुगेको छ। निर्णय देखिने केन्द्रीकरणहरू अब बिस्तारै भत्किँदै गएका र विकेन्द्रित हुँदै गरेको आभास भएको छ। राजधानीभन्दा धेरै टाढा रहेर पनि राम्रो काम गर्न सके त्यसको मूल्याङ्कन हुन सक्दो रहेछ भन्ने महसुस गरेको छु। राजधानी र मोफसलको दूरी मेट्ने यस्ता प्रयत्नहरू ताजा र सक्रिय रहिरहे देशको अनुभूति हुन सक्थ्यो सबैलाई।

विगत दस वर्ष (२०५३ साल) देखि हामीले सुरु गरेको प्रयोगात्मक लेखनको लीला प्रस्तुति पुरस्कृत हुन पुगेको छ। यसबाट नेपाली साहित्यमा नव प्रयोगहरूको सम्भावनाको खोजी गर्ने साँगुरो ढोका एकाएक फराकिलो हुन पुगेको छ।

पुरस्कृत कृति राधा उपन्यास प्राविधिक कारणले मसँग लेखकको हैसियतले जोडिन आएको भए पनि वास्तवमा यो कृति लेखनभन्दा पनि सङ्कलन गरिएको कृति हो। यसले उठाएका विषयहरू समाजले भोगेका र बोध गरेका कुराहरू नै हुन्। देखेको सत्यको लेखन गर्न खोज्दा अनेक खाले प्रतीक, बिम्ब र सम्भावनाहरू अगाडि आएर उभिन्छन्। अबको लेखनमा लेखक छैन, सङ्कलक मात्र छ। लेखकीय अहम्को अब अन्त्य हुन थालिसकेको छ।

राधा उपन्यसाले प्रेम, युद्ध र संन्यासलाई जीवनमा टाँसिएको देखेको छ। त्यसलाई उक्काएर, छुट्टयाएर हेर्न खोजेको छ। पौराणिक विषयवस्तुमा

आधुनिक शोच चेत, बोध मिसाउँदा देखिएको अनौठो दृश्य हो राधा । देवताहरूमा रहेको ईश्वरीय तथा चमत्कारलाई हटाएर पौराणिक पात्रहरूमा रहेको देवत्व भावलाई निलम्बन गरी देवतालाई मान्छे बनाइएको कृति हो यो। हामीले विगत दस वर्षदेखि लेखनमा एउटा प्रविधिको उपस्थिति आवश्यक देखिरहेका छौं। नेपाली साहित्यमा लीला लेखन प्रविधिले मान्यता पाएको समेत बोध गरेको छु।

उपस्थित सज्जनवृन्द !

मदन पुरस्कार गुठीले प्राप्त गरेका कैयौं उत्कृष्ट कृतिहरूमध्येका कुनै एकलाई छान्नुपर्दा मद्वारा तयार गरिएको उपन्यास कृति राधालाई पुरस्कृत गरेकोमा मदन पुरस्कार गुठी तथा निर्णायक समितिका सदस्यज्यूहरूमा हार्दिक कृतज्ञताव्यक्त गर्दछु। यस निर्णयले मलाई झन् अघि बढ्न प्रेरणा प्रदान गरेको छ, र ऊर्जा थपेको छ। निराशा, नकारात्मकता र अविश्वास भन्ने कुरालाई त्यागेर सकारात्मक शोचतिर लाग्न प्रेरित गरेको छ।

आज यो पुरस्कारले सम्मानित भइरहँदा आफ्नी माता स्व. अम्बिकादेवी भट्टराईको स्मरण गरिरहेको छु, जसले मलाई जीवनको अन्तिम सास गनिरहँदा पनि लेखनका लागि प्रेरित गरिरहनुभएको थियो।

यसअघिको पुरस्कार प्राप्त गर्नुहुने तमाम अग्रजहरूप्रति समेत सम्मान जनाउँदै मदन पुरस्कार गुठीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।